# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/११**

गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, बाजुरा जिल्ला अन्तरगत गौमुल गाउँपालिका सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ तथा बहुउपयोगी सिचाई योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस् तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

| समुह (क) खानेपानी तथा सरसफाई योजना तर्फ | | | | |
|---|---|---|---|---|
| क स | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नु पर्ने स्थान |
| १ | ऐरेना खानेपानी तथा सरसफाई योजना | ७१,२२,८६५.३७ (अक्षरुपी एकहत्तर लाख बाइस हजार आठ सय पैसट्टी रुपैया सैतिस पैसा) | ३००० (अक्षरुपी तिन हजार मात्र) | बडीमालिका ९ मार्तडी बाजुरा |
| २ | पोखरा खानेपानी तथा सरसफाई योजना | | | |
| ३ | रनेडा खानेपानी तथा सरसफाई योजना | | | |
| ४ | सालीकोट खानेपानी तथा सरसफाई योजना | | | |
| समुह (ख) बहुउपयोगी सिचाई योजना तर्फ | | | | |
| १ | आला बेहरी बहुउपयोगी सिचाई योजना | ८४,४९,८६९.७१ (अक्षरुपी चौराअसी लाख उनन्पचास हजार आठ सय उनन्सत्तरी रुपैया एकहत्तर पैसा मात्र) | ३००० (अक्षरुपी तिन हजार मात्र) | बडीमालिका ९ मार्तडी बाजुरा |
| २ | प्रथम थारखोला बहुउपयोगी सिचाई योजना | | | |
| ३ | दोस्रो थारखोला बहुउपयोगी सिचाई योजना | | | |

१) विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित गाउँपालिकाको कार्यालय तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतको तपसिलका वेभपेजबाट प्राप्त गर्न सकिने छ ।

तपसिलः
गौमुल गाउँपालिकाको वेभसाईटः www.gaumulmun.gov.np
परियोजनाकोः www.laccp.org.np

२) दरभाउपत्र पेश गर्दा दरभाउ पत्र पेश गरिसक्नु पर्ने मिति पूर्व तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी योजना संचालन हुने गौमुल गाउँपालिकाको तपसिलको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र कार्यालय समय भित्र गौमुल गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित समुहगत उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

तपसिलः

| गाउँपालिकाको नाम | बैंकको नाम | खाताको विवरण /खाता नं. |
|---|---|---|
| गौमुल गाउँपालिका | कुमारी बैंक लिमिटेड | १२१००५९२६३९००००८.(ग १.१ -आन्तरिक राजस्व खाता) |

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछन ।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १८ औं (अठारौंऔं) दिन गौमुल गाउँपालिका गाउँपालिकाको कार्यालयमा दिउसो २ बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

१०) अन्य शर्तहरू परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाहरूको सूचना पाटी तथा गाउँपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर सुर्खेतको वेभपेजबाट जानकारि गरिनेछ ।

१२) अन्य थप जानकारी चाहिएमा गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना हेर्ने शाखामा सम्पर्क (९८४८४३७२१३) गर्न सकिनेछ ।

संयुक्त खरिद समिति